फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

## गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

खण्ड ७ | संख्या ६ | २०८०/१२/२३

गाउँ कार्यपालिकाबाट पारित : २०८०/१२/१९

प्रमाणिकरण : २०८०/१२/२१

## भाग २

# कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि, २०८०

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**प्रस्तावना:**

लघु उद्यमीहरुले उत्पादन गरेको उत्पादित वस्तुहरुको दिगो बजारीकरणले नै लघु उद्यमीहरुको स्थायित्व निर्धारण गर्दछ । यसका लागि गरिने विभिन्न क्रियाकलापहरु मध्ये कोशेली घरको स्थापना गरी लघु उद्यमीले उत्पादन गरेका उत्पादित वस्तुहरुको बिक्री वितरण गर्न सहज बनाउन र उद्यमीहरुलाई चाहिने कच्चा पदार्थ/उपकरणहरु स्थानीय बजारमा खरिद सहज बनाउन सक्ने वातावरण बनाउन वाञ्छनीय भएकोले,

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस फेदीखोला गाँउ कार्यपालिकाको बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "**कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**कोशेली घर**" भन्नाले उद्यमीले सञ्चालन गरेका उद्यम/उद्योगबाट उत्पादित वस्तु संकलन गरी बिक्री वितरण गर्ने कक्षलाई सम्झनु पर्दछ । यसका साथै कोशेली घर भन्नाले सौगात गृह वा मार्केट आउटलेट (Market Outlet) भन्ने समेत सम्झनु पर्दछ ।

(ख) "**बजारीकरण**" भन्नाले उद्योगबाट हुने उत्पादनको मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु भन्ने सम्झनु पर्दछ ।

(ग) "**लघु उद्यमी**" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता गरी उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ । यस कार्यविधिमा उद्यम वा उद्यमी मात्र उल्लेख भएको स्थानमा क्रमश: लघु उद्यम र लघु उद्यमी भन्ने सम्झनु पर्दछ ।

(घ) **"स्थानीय तह वा पालिका"** भन्नाले फेदीखोला गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"प्रस्तावना पत्र"** भन्नाले कोशेली घर स्थापना तथा सञ्चालनका लागि तोकिएको फर्मेटमा तयार गरी निवेदनका साथमा पेश गरिएको कागजातहरुलाई सम्झनु पर्दछ ।

(च) **"सम्भाव्यता अध्ययन"** भन्नाले कोशेली घर स्थापना तथा सञ्चालनका लागि कति सम्भावना छ वा छैन भनी विभिन्न दृष्टिकोणबाट गरिएको समग्र अध्ययनलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोशेली घर सञ्चालनको उद्देश्य र यसको सम्भाव्यता अध्ययन

**३. कोशेली घर सञ्चालनको उद्देश्यहरु:** कोशेली घर सञ्चालनको देहाय बमोजिमका उद्देश्यहरु हुने छन् ।

(१) गाउँपालिका भित्र रहेका उद्यमीबाट उत्पादित वस्तु स्थानीय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा बिक्री वितरण गरी उद्यमीको आम्दानीसँगै जीवनस्तरमा सुधार ल्याउने ।

(२) उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु स्थानीय तहमा नै सहज र सुलभ रुपमा उपलब्ध हुने वातावरण बनाउने ।

(३) स्थानीय सीप, स्रोत र साधनलाई परिचालन गरी रोजगारी र आय आर्जनमा सहयोग पुऱ्याउने ।

(४) स्थानीय उत्पादनलाई इच्छुक ग्राहकहरुका लागि सहज र सुलभ तरिकाले उपलब्ध गराउने ।

(५) गाउँपालिका भित्र छरिएर रहेका लघु तथा घरेलु उद्यमीहरुलाई कोसेली घरको माध्यमबाट एकीकृत गर्ने ।

(६) परम्परागत मौलिक ज्ञान र सीपको जगेर्ना गर्ने ।

(७) परम्परागत मौलिक ज्ञान र सीपलाई व्यवसायसँग आवद्ध गराउन आवश्यक सहयोग गर्ने ।

(८) परम्परागत ज्ञान र सीपको प्रयोग गरी उत्पादित वस्तु तथा सामाग्रीहरुको बजार विस्तार गर्ने ।

४. **कोशेली घर सञ्चालनका लागि सम्भाव्यता अध्ययनः** पालिकाको कुन वडामा वा कुन बजार केन्द्रमा कोशेली घर स्थापना गर्न सम्भावना छ भनी अध्ययन गर्ने काम पालिकाको उद्यम शाखाको हुनेछ । यसका लागि स्थान छनौट गर्दा ग्राहकको बढी आवतजावत हुने ठाँउ, उत्पादनको बढी उपभोग हुने र पालिका वा जिल्ला बाहिरका ग्राहकलाई पनि पायक पर्ने स्थान, यातायात, स़ञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार भएको स्थान, मालसामान ढुवानी गर्न सहज हुने स्थान र भण्डारण गरी उत्पादन राख्न सकिने स्थान आदि कुरालाई ध्यान दिई पालिकाको उद्यम विकास सहजकर्ता वा तोकिएको कर्मचारी सम्बन्धित ठाँउमा गई उद्यमीहरु, वडाध्यक्ष वडा सदस्यहरु र समाजका बुद्धिजीविहरुसँग निम्न अनुसारका अर्ध संरचित प्रश्नहरुको माध्यमबाट आवश्यक सूचना संकलन गर्नुपर्छ ।

(१) त्यस वडा/भेगको भूगोलमा बजारीकरण गर्नुपर्ने उत्पादनहरु के-के छन, कति मात्रामा उत्पादन हुन्छ र यसको हालको बजारीकरणको अवस्था कस्तो छ? कुनै उत्पादनहरु पालिका बाहिर पनि बिक्री वितरण हुने गरेको छ या छैन?

(२) कुन-कुन उत्पादनहरु स्थानीय बजारमा बिक्री हुन सक्दछन्, कुन-कुन उत्पादनहरु जिल्ला बाहिर पनि बजारीकरण गर्न सकिन्छ र कुन-कुन उत्पादनहरुको बाह्य देशमा बजारीकरण गर्न सकिने सम्भावना छ?

(३) मूल्य अभिवृद्धि (Value Add) गरी बजारीकरण गर्न सम्भावना भएका कुन-कुन उत्पादनहरु छन्?

(४) पालिकाको आंशिक सहयोगमा कोशेली घर सञ्चालन गर्न इच्छुक नाफामूलक कम्पनीहरु, सहकारीहरु, समूहहरु र इच्छुक उद्यमीहरु त्यस वडा/भेग/भूगोलमा के-कति छन्?

(५) स्थानीय लघु उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र मेसिन उपकरणहरु कहाँबाट खरिद गर्ने गरिन्छ? के यस्ता सबै कच्चा पदार्थ र उपकरण एकै स्थानबाट किन्न सकिने पसल/घरको आवश्यकता छ ?

(६) कोशेली घर सञ्चालनका अवसर र चुनौतिहरु के-के छन्?

(७) कोशेली घर स्थापना र सञ्चालनका लागि आर्थिक सहयोग गरी सहकार्यमा काम गर्न चाहने सम्भाव्य निकायहरु जस्तै वडा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरु, मेड्पा कार्यक्रम, अन्तराष्ट्रिय संघ वा संस्थाहरु इत्यादि छन्?

(८) हामीले गर्न लागेको कार्यक्रम प्रति तपाईंहरुको अरु केही सुझाब छ कि? यसरी माथिका सम्भाव्य प्रश्नावलिको आधारमा संकलन गरिएको सूचनालाई अनुसूची-१ मा दिएको ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिने छ । यस प्रतिवेदनमा कोशेली घर स्थापनाका लागि सम्भावना छ भनी सिफारिस भएको अवस्थामा मात्र यसको स्थापना सम्बन्धी प्रक्रिया अगाडि बढाइने छ ।

## परिच्छेद-३

## कोशेली घर सञ्चालन विधि, समिति गठन र सरोकारवालाहरुको भूमिका

५. **कोशेली घर सञ्चालनको विधिः** कोशेली घर सञ्चालनका लागि गाउँपालिका अध्यक्षको राय लिई कोशेली घर स्थापना तथा सञ्चालन समितिले गरेको निर्णय अनुसार निम्न दुई विधि मध्ये कुनै एक अवलम्बन गरी गरी सञ्चालन गरिने छ ।

(१) निजी स्तरको कम्पनी वा सहकारी संस्थासँग सहकार्य/साझेदारी गरी सञ्चालन गरिनेछ।

(२) सम्बन्धित निकायमा दर्ता भएको उद्यमीसँग सहकार्य/साझेदारी गरी सञ्चालन गरिनेछ।

६. **साझेदारीका लागि कम्पनी/सहकारी/समूह/उद्यमी छनौट प्रकृयाः**

(१) साझेदारहरु खुला प्रतिस्पर्धा गराई पारदर्शी तरिकाले छनौट गरिने छ । माथि उल्लेख गरे बमोजिम अनुसूची-१ अनुसारको अध्ययन प्रतिवेदनमा कोशेली घर स्थापना तथा सञ्चालनका लागि सम्भावना छ भनी सिफारिस भएमा साझेदार छनौट प्रकृया

अगाडि बढाइनेछ । यसका लागि निम्न प्रकृयाहरु अपनाइने छ । अनुसूची-२ अनुसारको सार्वजनिक सूचना जिल्लास्तरको पत्रिकामा प्रकाशन गरी इच्छुक कम्पनी, फर्म, समूह वा सम्बन्धित निकायमा दर्ता भएका उद्यमीबाट १५ दिनको सूचना आह्वान गरी प्रस्तावना माग गरिने छ । यसको जानकारी पालिकाको वेभसाइट वा फेसबुक पेजमा राखिने छ र पालिकाको सूचना पाटीमा समेत टाँस गरिने छ ।

(२) सूचना प्रकाशन भएपछि योग्यता पुगेका इच्छुक कम्पनी/सहकारी/ समूह/उद्यमीले अनुसूची-३ अनुसारको फर्मेटमा तयार गरिएको प्रस्तावना पत्र सार्वजनिक सूचनामा तोकिएको समय भित्र पेश गर्नुपर्ने छ ।

(३) प्राप्त प्रस्तावहरुलाई अनुसूची-४ अनुसारको छनौटका आधारहरुमा आधारित भई सूचनाको म्याद समाप्त भएको मितिले २ हप्ता भित्रमा मूल्याङ्कन गरिने छ ।

(४) मूल्याङ्कनको आधारमा दफा ७ अनुसार गठन भएको कोशेली घर स्थापना तथा व्यवस्थापन समितिले छनौट कार्य गर्नेछ । यसरी छनौट भएको कम्पनी/सहकारी/समूह/उद्यमीसँग अनुसूची-५ अनुसारको फर्मेटमा सम्झौता गरिनेछ । कुनै एक वा दुई कम्पनी/सहकारी/समूह/उद्यमीहरुको मात्र प्रस्तावना प्राप्त हुन गएमा त्यस्तो प्रस्तावनाको मूल्याङ्कन गरी उपयुक्त लागेमा सम्झौता गर्ने वा पुन: सूचना प्रकाशन गरी प्रस्तावना माग गर्ने भन्ने विषयमा कोशेली घर स्थापना तथा सञ्चालन समितिको निर्णय अनुसार हुनेछ ।

**७. कोशेली घर स्थापना तथा व्यवस्थापन समिति र प्रस्तावना पत्र छनौट समिति गठन प्रकृयाः**

(१) गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा निम्न अनुसारको कोशेली घर स्थापना तथा सञ्चालन समिति गठन हुनेछ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | -अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| लेखा शाखा प्रमुख वा निजले तोकेको उक्त शाखाको कर्मचारी | -सदस्य |
| गाउँपालिका अध्यक्षले मनोनयन गरेको कुनै एक जना महिला उद्यमी | -सदस्य |

कोशेली घर स्थापना हुने वडाका वडाध्यक्ष -सदस्य
मेड्पा फोकल पर्सन वा त्यस शाखाको कर्मचारी -सदस्य सचिव
गाउँपालिका अध्यक्ष -सल्लाहकार

(२) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा निम्न अनुसारको प्रस्तावना पत्र छनौट समिति गठन हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
लेखा शाखा प्रमुख वा निजले खटाएको सम्बन्धित शाखाको कर्मचारी -सदस्य
उद्योग हेर्ने शाखा प्रमुख वा निजले खटाएको सम्बन्धित शाखाको कर्मचारी -सदस्य

## ८. कोशेली घर स्थापना तथा व्यवस्थापन सम्बन्धी विभिन्न सरोकारवालाहरुको भूमिका:

(१) मेड्पा कार्यक्रमका लागि पालिकामा गठन भएको उद्यम विकास समितिको भूमिका:

- गाउँपालिकाको उद्यम हेर्ने शाखालाई आगामी आ.व.का लागि चालु आ.व.मा नै कोशेली घर स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न निर्देशन दिने र सोको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- कोशेली घर स्थापनाका लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, र विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग बजेटको लागि समन्वय गर्ने ।
- कोशेली घर स्थापना तथा सञ्चालन समितिलाई आवश्यक सल्लाह सुझाव दिने।
- कुनै विषयमा द्वन्द्व सृजना भएमा कोशेली घर स्थापना तथा सञ्चालन समितिलाई द्वन्द्व समाधानमा सहयोग गर्ने ।
- कोशेली घरको अनुगमन गर्ने ।

(२) प्रमुख प्रशासकीय अधिकृतको भूमिकाः

- कोशेली घर स्थापना तथा सञ्चालनका लागि प्राप्त प्रस्तावना स्वीकृत वा अस्वीकृत गर्ने ।
- गाउँपालिकाका शाखाका कर्मचारीहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- कोशेली घर अनुगमन गर्ने ।
- कोशेली घर सञ्चालक कम्पनी/सहकारी/समूह/उद्यमीसँग सम्झौता गर्ने ।

(३) उद्यम हेर्ने शाखा प्रमुखको भूमिका:

- कोशेली घर स्थापना तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न कर्मचारी परिचालन गर्ने ।
- कोशेली घर स्थापना तथा सञ्चालनका लागि प्रस्तावित वडाका वडाध्यक्षसँग आवश्यक समन्वय गर्ने ।
- यस कार्यविधिले तोके अनुसारको प्रकृया पुऱ्याई कोशेली घर स्थापना तथा सञ्चालनका लागि उपयुक्त कम्पनी/सहकारी/समूह/उद्यमी छनौट सम्बन्धी कामको लागि कोशेली घर स्थापना तथा सञ्चालन समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।
- साझेदारीका लागि छनौट भएका कम्पनी/सहकारी/समूह/उद्यमीलाई समयमै सहयोग उपलब्ध गराउने ।

(४) कोशेली घर स्थापना तथा सञ्चालन समितिको भूमिका:

- कोशेली घर स्थापना गर्ने क्रममा विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न सम्बन्धित पालिकाको उद्योग हेर्ने शाखाका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने ।
- गाउँपालिकाको उद्योग हेर्ने शाखाको सहयोगमा साझेदारीका लागि उपयुक्त कम्पनी/सहकारी/समूह/उद्यमी छनौट गर्ने ।

- स्थापना भई सञ्चालनमा आएका कोशेली घरको स्तरोन्नतिका लागि बजेटको व्यवस्था गर्न पहल गर्ने ।
- कोशेली घर सञ्चालन गरिरहेका साझेदार कम्पनी/सहकारी/समूह/ उद्यमीले बिचमा छाडेमा त्यसको पुन: सञ्चालनका लागि आवश्यक भूमिका निर्वाह गर्ने ।
- पालिकाको उद्योग हेर्ने शाखाको सहयोगमा कोशेली घर स्थापनाका लागि सम्भाव्य स्थानहरुको पहिचान गर्ने गराउने ।
- दिगो रुपमा कोशेली घर सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्थाको सहभागिता र सहयोगमा "**कोशेली घर सञ्चालन तथा सहयोग कोष**" स्थापना गर्ने ।

## परिच्छेद-४

## कोशेली घरमा बिक्री गरिने उत्पादन र बजारीकरण रणनीति

### ९. कोशेली घरमा बिक्री गरिने सम्भाव्य उत्पादनहरुको विवरण:

(१) कृषि उपजहरु जस्तै बिउ बिजन, दलहन, तेलहन, कोदो, मकै, फापर, गहुँ,

(२) घिउ, छुर्पी, मह. फलफुल, जुस, जाम, छालाबाट हस्त निर्मित वस्तुहरु, पाखी, काम्लो, इत्यादि ।

(३) प्राकृतिक रेसामा आधारित वस्तुहरु जस्तै नेपाली कागज र सोमा आधारित अन्य उत्पादन, अल्लो, जुट, बाबियो, चोया आदिबाट तयार गरीएका स्थानीय उत्पादनहरु।

(४) तामा, पित्तल, ढलौट, कास, जस्ता धातुबाट तयार गरिएका उपहार योग्य उत्पादनहरु।

(५) स्थानीय स्तरमा तयारी भएका खुकुरी, चुलैँसी लगायतका अन्य फलामका कृषि औजारहरु र उपहारजन्य वस्तुहरु ।

(६) काठ, बाँस, चट्टान, आदिबाट तयार गरिएका कलात्मक वस्तु ।

(७) हातले तयार गरिएका ढाका कपडाहरु र अन्य पोशाकहरु ।

(८) स्थानीय क्षेत्रमा लघु उद्यमीहरुले तयार गरेका छिटो नबिग्रने र बजारीकरण गर्न सहज हुने विविध उत्पादनहरु ।

(९) लघु उद्यमीहरुलाई आवश्यक पर्ने विभिन्न कच्चा पदार्थ र मेशिन औजारहरु ।

(१०) पालिकामा, जिल्लामा र जिल्ला भन्दा बाहिर उत्पादन भएका हस्तकलाका सामाग्रीहरु ।

(११) स्थानीय सिप र कच्चा पदार्थबाट उत्पादित अन्य विविध सामाग्री/ उत्पादनहरु ।

**१०. <u>बजारीकरण रणनीतिः</u>** स्थानीय उत्पादनहरुको बजार विस्तारका लागि गाउँपालिकाले विभिन्न रणनीतिहरु अवलम्बन गर्नेछ, जुन रणनीतिहरु कोशेली घर सञ्चालकले पनि अपनाउनु पर्नेछ ।

(१) गुणस्तरिय उत्पादनमा जोडदिने रणनीति ।

(२) सुपथ मूल्यमा धेरै सामाग्री बिक्री गर्ने रणनीति ।

(३) नगद कारोबारको माध्यमबाट उद्यमीलाई प्रोत्साहन गर्ने रणनीति ।

(४) मूल्य अभिवृद्धि (Value Add) का लागि वस्तुको ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ्ग आदिमा जोड दिने रणनीति ।

(५) मेला प्रदर्शनी आयोजना र त्यसमा लघु उद्यमीको सहभागितामा जोड दिने रणनीति।

(६) उद्यमशीलता र बजारीकरण सम्बन्धी तालिम तथा परामर्श सेवा दिने रणनीति ।

(७) उद्यमीको स्तरोन्नतिका लागि प्रत्येक वर्ष पालिकाले बजेटको व्यवस्था गर्ने रणनीति ।

(८) सम्बन्धित सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिने रणनीति ।

(९) प्रचार प्रसारका लागि कोशेली घरको लोगो छपाई र बिक्री गरिने सामाग्रीमा यसको अनिवार्य प्रयोग गर्ने रणनीति ।

(१०) कोशेली घर र त्यहाँ उपलब्ध हुने उत्पादन बारे रेडियो, टि.भि, पत्रपत्रिका र सामाजिक सञ्जाल मार्फत विज्ञापन गर्ने रणनीति ।

(११) कोशेली घर सञ्चालनका लागि अनुभवी र पर्याप्त संख्यामा कर्मचारी परिचालन।

(१२) उद्यमीहरुसँग अन्तरक्रिया।

(१३) उद्यमीलाई उत्पादन वृद्धि र बजारीकरणका लागि बैंक वा कुनै वित्तीय संस्थासँग वित्तीय पहुँच बढाउन सहजीकरण।

(१४) नमूना उत्पादन छनौट गरी बाह्य बजारीकरणमा नमूना लिएर जाने र अर्डर लिने रणनीति।

## परिच्छेद-५

## सञ्चालन तथा व्यवस्थापन

**११. कोशेली घर सञ्चालन तथा व्यवस्थापन:**

(१) कोशेली घर सञ्चालन गर्ने संघ संस्थाले उक्त कोशेली घरलाई सुव्यवस्थित रुपमा सञ्चालनको लागि एक कोशेली घर सञ्चालन समिति गठन गर्नु पर्नेछ।

(क) यस उपदफा बमोजिमको समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार बढीमा ४ जनासम्म सदस्य रहने छन।

(ख) समितिको बैठक महिनामा कम्तीमा एकपटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।

(ग) समितिले कोशेली घर सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक निर्णय गरी निर्देशन दिनेछ।

(घ) समितिले कोशेली घर सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(ङ) समितिले कोशेली घरबाट बिक्री हुने सामानहरुको मूल्य निर्धारण, समायोजन तथा हेरफेर गर्नेछ।

(च) समितिले कोशेली घरबाट बिक्री वितरण भएका मालसामानहरु फिर्ता भएको, टुटफुट हुन गई बेकम्मा भएको, कोशेली घरको प्रवर्द्धनको लागि उपहारको रुपमा दिइएको सामानको प्रमाणीकरण गरी अभिलेख व्यवस्थापन गर्ने कार्य गराउनेछ।

यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि एकल व्यक्ति वा व्यवसायीले कोशेली घर सञ्चालनको स्वीकृति प्राप्त गरेमा यस किसिमको समिति गठनको आवश्यकता पर्ने छैन ।

(२) कोशेली घर सञ्चालन गर्ने स्थान तथा क्षेत्र छनौट गर्दा निम्नानुसारको मापदण्डको पालना गर्नुपर्नेछ ।

(क) ग्राहकहरुको बढी आवत जावत हुने स्थान ।

(ख) उत्पादनको बढी उपयोग हुने क्षेत्र ।

(ग) यातायात, सञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार सुविधा भएको ।

(घ) मालसामान ढुवानी गर्न सुविधा भएको स्थान ।

(ङ) मालसामान भण्डारण गर्न पर्याप्त ठाउँ र सुविधा भएको स्थान ।

(च) प्रचलित कानून अनुसार कोशेली घर खोल्न कुनै बाधा नभएको स्थान ।

(३) कोशेली घर सञ्चालनको उद्देश्य हासिल गर्नका लागि कोशेली घर सञ्चालन समितिले आवधिक रुपमा निश्चित लक्ष्य सहित वार्षिक, अर्धवार्षिक तथा मासिक योजना तयार गर्नु पर्नेछ ।समितिले बिक्री योजना निर्माण गर्दा बिक्रेतालाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(४) कोशेली घरमा सामानहरु प्राप्त भइसकेपछि कोशेली घर सञ्चालकले उक्त सामानहरुलाई सामानको प्रकृति अनुसार सोकेश अथवा र्‍याकमा आकर्षक तरिकाले सजाएर राख्नु पर्नेछ । कोशेली घर र यसको वरिपरी सुगन्धित, आकर्षक र सफा वातावरण कायम राख्नु कोशेली घर सञ्चालकको कर्तव्य हुनेछ ।

(५) कोशेली घरले स्थानीय लघु, घरेलु तथा साना उद्यमीद्वारा उत्पादित वस्तुहरु प्रचलित बजार मूल्यमा खरिद गर्नुपर्नेछ । कोशेली घरले सामान बिक्री गर्दा त्यस्ता किसिमका वस्तुहरुलाई प्राथमिकता दिनुपर्नेछ । स्थानीय वस्तुहरु मात्र बिक्री वितरणको लागि पर्याप्त नभएमा अन्य उत्पादकबाट स्थानीय सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुहरु समेत खरिद गर्न सक्नेछ । कोशेली घरमा मदिरा तथा सुर्तीजन्य पदार्थ खरिद बिक्री गर्न पाइनेछैन ।

(६) कोशेली घरले उद्यमीहरुबाट तयारी वस्तु खरिद गर्दा देहाय बमोजिमका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(क) बजार माग तथा आफ्नो क्षमताका आधारमा वस्तु खरिद गर्दा आपूर्तिकर्ता उद्यमीसँग वस्तुको गुणस्तर, वस्तुको परिमाण, ढुवानी, भुक्तानी प्रक्रिया आदिको बारेमा छलफल गरी समझदारी कायम गर्नुपर्नेछ।

(ख) तयारी वस्तु आपूर्ति गर्ने उद्यमीहरुसँग खण्ड (क) बमोजिमका विषयहरु शर्तको रुपमा समावेश गरी सम्झौता गर्नुपर्नेछ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकमा पाँच हजारसम्मको वस्तु खरिद गर्दा उद्यमीसँग सम्झौता गरिरहनु पर्ने छैन।

(७) कोशेली घरमा प्राप्त सामाग्रीको अभिलेख व्यवस्थापनमा देहायका बमोजिम गर्नुपर्नेछ।

(क) उद्यमीबाट वस्तु तथा सामानहरु प्राप्त भई सकेपछि सञ्चालकले सामान प्राप्ति रजिष्टरमा प्रविष्टी गरी उचित स्थानमा सामान राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) कोशेली घर सञ्चालकले दैनिक बिक्री भएका सामानहरुको विवरण सोही दिन खातामा प्रविष्टि गरी बिक्री भएका वस्तुहरुको सिलसिलावद्ध रुपमा बिल बीजक जारी गरी अभिलेख व्यवस्थित गर्नुपर्नेछ।

(ग) कोशेली घर सञ्चालकले मौज्दात अभिलेख दैनिक रुपमा अध्यावधिक गरी सञ्चालन समितिलाई साप्ताहिक रुपमा पेश गर्नुपर्नेछ।

(घ) कोशेली घर सञ्चालकले खरिद भएका, उपहार प्राप्त भएका, कुहिएका, टुटेफुटेका तथा विज्ञापनका लागि नि:शुल्क दिइएका वस्तुको दैनिक रुपमा अध्यावधिक गर्नु पर्नेछ।

(ङ) सामानहरु बिक्री गर्दा (First In First Out) विधि प्रयोग गर्नुपर्नेछ।

(च) कोशेली घर सञ्चालक समितिले मौसमको अवस्था, सामाग्रीको माग र आपूर्ति, विशेष चाडपर्व तथा समाग्रीको प्रकृति अनुसार कम्तिमा एकहप्ताको लागि वस्तुको मौज्दात रहने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) सामानको न्यूनतम मौज्दात व्यवस्थापन समितिले तोक्नेछ भने सञ्चालन समितिले साप्ताहिक रुपमा त्यसको अनुगमन गर्नुपर्नेछ ।

(८) कोशेली घर सञ्चालकले फेदीखोला गाउँपालिकाबाट वा अन्य निकायबाट प्राप्त अनुदान रकम घर/सटर भाडा तथा अन्य प्रशासनिक खर्च (कर्मचारी तलब, भत्ता, इन्धन आदि) मा खर्च गर्दा मितव्ययिता पूर्वक गर्नुपर्नेछ ।

(९) कोशेली घर सञ्चालकले कोशेली घरबाट बिक्री गर्ने वस्तुहरुको मूल्य निर्धारण गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) तयारी सामाग्रीको बिक्री मूल्य निर्धारण लागत, बजार प्रतिष्पर्धा, माग र आपूर्तिमा आधारित भई गर्नुपर्नेछ ।

(ख) हरेक वस्तुको मूल्य सूची ग्राहकले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्ने तथा प्रत्येक वस्तुमा ट्याग एवम् स्टिकर टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) कोशेली घर सञ्चालकले स्थानीय उद्यमीबाट उत्पादित खरिद भएको वस्तुको प्रकृति हेरी बढीमा २०% सम्म मात्र नफा राखेर बिक्री मूल्य निर्धारण गर्नुपर्नेछ।

(घ) कोशेली घरबाट बिक्री गरिने सामानको उत्पादन मिति र म्याद सकिने मिति उल्लेख भएको हुनुपर्नेछ ।

(१०) कोशेली घरमा नगद व्यवस्थापन निम्नानुसार गर्नुपर्नेछ ।

(क) कोशेली घर सञ्चालकले आवश्यकता परेको बेला तुरुन्त नगद भुक्तानी दिन मिल्ने गरी तरलता व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) वस्तु बिक्रीबाट आएको नगद रकम यथाशिघ्र नजिकको बैंकमा जम्मा गर्नुपर्नेछ । एकै दिन दश हजार रुपैँया भन्दा बढीको वस्तु बिक्रीबाट नगद

प्राप्ति भएमा सम्भव भएसम्म सोही दिन नभए भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्नेछ।

(ग) व्यवस्थापन समितिले तहबिलमा रहने नगदको सीमा तोक्न सक्नेछ।

(घ) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक हप्तासम्म भएको वस्तु बिक्री बापत प्राप्त रकम जतिसुकै भएपनि सप्ताहन्नमा अनिवार्य रुपमा बैंक जम्मा गर्नुपर्नेछ।

(११) सानो नगदी कोषको व्यवस्था:

(क) कोशेली घर व्यवस्थापन समितिले दैनिक स-साना खर्चको भुक्तानीको लागि रु. १०,००० । (अक्षरुपी: दश हजार रुपैयाँ)सम्मको सानो नगदी कोषको व्यवस्था गर्न सक्नेछ।

(ख) नगदी कोषको सञ्चालन कार्यालयको जिम्मेवार व्यक्तिले सञ्चालन गर्नेछ।

(ग) सानो नगदी कोषबाट समय समयमा भएको खर्चको बिल भरपाई दफा ९ को उपदफा (१) बमोजिम गठित समितिका संयोजकले प्रमाणित गर्नुपर्नेछ।

(१२) कोशेली घर सञ्चालकले व्यवसायीलाई यथासक्य बैंकमार्फत भुक्तानी गर्नुपर्नेछ तर पाँच हजार भन्दा कम रुपैँयाको कारोबारमा नगदबाट भुक्तानी गर्न सकिनेछ।

(१३) माल सामान फिर्ता, ग्राहकको गुनासो तथा सुझाब:

(क) क्रेताले कोशेली घर सञ्चालकबाट वस्तुको उत्पादन मिति तथा गुणस्तर प्रत्याभूत गरी खरिद गर्नुपर्नेछ।

(ख) बिक्री भैसकेको वस्तु वा सेवाको गुणस्तरमा फरक पर्न गएमा वा त्यस्तो सामानमा खरिदकर्ताले प्रयोग नगर्दै कुनै समस्या युक्त भएको प्रमाणित भएमा ग्राहकलाई सो वस्तु वा सेवा फिर्ता गरी अर्को वस्तु दिन सकिनेछ।

(ग) खण्ड (ख) बमोजिम समस्यायुक्त वा तोकिएको गुणस्तर नभएको सामान फिर्ता गर्दा ग्राहकले खरिद गरेको एक हप्ता भित्र प्रमाण सहित दावी गरेको खण्डमा मात्र फिर्ता हुनेछ।

(घ) ग्राहकहरुले वस्तु वा सेवाका सम्बन्धमा कुनै किसिमको गुनासो वा सुझाव दिएमा कोशेली घर सञ्चालकले ग्राहकको सुझावलाई सकारात्मक रुपमा लिई सुझाव कार्यान्वयन योग्य भए कार्यान्वयन गर्नुपर्नेछ ।

(१४) कोशेली घर खुल्ने समय:

(क) कोशेली घर शनिवारको दिन बाहेक प्रत्येक दिन ८:०० बजे देखि बेलुका ७:०० बजे सम्म खुल्ला राख्नु पर्नेछ तर कात्तिक, मंसिर, पौष, माग र फाल्गुण महिनामा विहान ८:०० बजे देखि बेलुका ५:०० बजे सम्म खुल्ला राख्नु पर्नेछ ।

(ख) आवश्यकतानुसार सञ्चालन समितिले निर्णय गरी खण्ड (क) बमोजिमको समय भन्दा बढी समय र अन्य समयमा पनि खोल्न सकिने व्यवस्था मिलाउन सक्नेछ ।

(१५) कोशेली घरका सञ्चालकले कोशेली घरको बिक्री प्रवर्द्धन गर्न निम्नानुसारको कार्य गर्नु पर्नेछ:

(क) सञ्चालन समिति सदस्य तथा व्यवस्थापन समितिको सल्लाह सुझाव, समन्वय र सहयोगमा स्थानीय उत्पादक तथा बिक्री बढाउन उपयुक्त रणनीतीहरु बनाउनु पर्नेछ।

(ख) फेदीखोला गाउँपालिका, उद्योग वाणिज्य संघ, उद्यमी समूह, घरेलु कार्यालय तथा अन्य सहयोगी संस्थाहरुको समन्वय र सहकार्यमा उपयुक्त समयमा स्थानीय उत्पादनको प्रवर्द्धनको लागि प्रदर्शनी आयोजना गर्ने वा सहभागी हुनुपर्नेछ ।

(ग) ग्राहकको रुचि र आवश्यकतालाई ध्यानमा राख्दै बजार प्रवर्द्धनका विभिन्न गतिविधिहरु सञ्चालन गर्नुपर्नेछ ।

(घ) बिक्री गरिने वस्तुहरुको प्रवर्द्धनको लागि लेवलिङ, प्याकेजिङ गरिएका सामानहरुमा कोशेली घरको लोगो अनिवार्य राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(ङ) कोशेली घरमा बिक्रीका लागि राखिएका सामानहरुको बजार प्रवर्द्धनका लागि ग्राहकसम्म जानकारी दिन तथा वस्तु वा सेवाको फाइदाका बारेमा जानकारी दिन विभिन्न सञ्चार माध्यमहरुमार्फत विज्ञापन गर्नुपर्नेछ।

(१६) नाफा वितरण तथा उपयोग:

(क) कोशेली घर सञ्चालनबाट प्राप्त खुद नाफा मध्येबाट घर भाडा तथा व्यवस्थापन खर्च सुनिश्चित गरी कोशेली घरको कानूनी प्रावधान अनुसार नाफाको बाँडफाँड गर्नुपर्नेछ।

(ख) नाफा मध्येको केही अंश उद्यमीहरुको व्यवसायिक सिप विकास, बजार प्रवर्द्धन तथा दिगोपनमा सहयोग पुग्ने क्षेत्रमा उपयोग गरिनेछ।

(१७) खाता सञ्चालन:

कोशेली घरको दैनिक कारोबारको लागि सञ्चालन समितिको नाममा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोल्नु पर्नेछ। उक्त खाता सञ्चालन समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ। यस खाता दैनिक कारोबारको भुक्तानी र आम्दानीमा प्रयोग गर्नुपर्नेछ। यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति वा उद्यमीले कोशेली घर सञ्चालनको स्वीकृति प्राप्त गरेको खण्डमा सञ्चालकको एकल नाउँमा खाता सञ्चालन गर्न यस उपदफाको प्रावधानले बाधा पुऱ्याएको मानिने छैन।

(१८) लेखा व्यवस्थापन:

(क) सामान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल बीजक उपलब्ध गराउनु पर्नेछ।

(ख) सञ्चालन व्यवस्थापकले कोशेली घरको सम्पूर्ण कारोबारको लेखा प्रचलित दोहोरो लेखा प्रणालीमा व्यवस्थित तरिकाले चुस्त दुरुस्त राख्नु पर्नेछ।

(ग) प्रत्येक कारोबारको समिति र सम्बन्धित निकायहरुले हेर्न चाहेको अवस्थामा जुनसुकै समय पनि देखाउनु पर्नेछ।

(१९) कोशेली घर सञ्चालकले कोशेली घरमा भएको आर्थिक कारोबारको अनुमति प्राप्त रजिष्टर लेखा परीक्षकबाट नियमानुसार लेखा परीक्षणको कार्य गराउनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

**१२. साझेदारी तथा पूँजी व्यवस्थापन र कारोबार:**

(१) गाउँपालिकाले कोशेली घर स्थापना वा सञ्चालन गर्दा नाफा मूलक कम्पनी/सहकारी/समूह/उद्यमीसँग साझेदारी गर्नेछ ।

(२) साझेदारी गर्ने क्रममा गाउँपालिकाबाट कोशेली घर सञ्चालकलाई आवश्यक पर्ने भौतिक सामाग्रीहरु जस्तै फर्निचर, साईनबोर्ड, टेलिफोन लाइन जडान, स्थानीय बजारीकरणलाई आवश्यक पर्ने यातायातको साधन, विज्ञापन खर्च, इन्टरनेटको व्यवस्था, कम्प्युटरको व्यवस्था, सफ्टवयरको निर्माण, क्षमता विकास तालिम, कोशेली घर सजावट इत्यादि सहयोग साझेदारी गरी उपलब्ध गराइनेछ । उक्त साझेदारीमा गाउँपालिकाको अधिकतम ६० प्रतिशत सम्म हुनेछ । भौतिक सामाग्रीहरु १ वर्षसम्म गाँउपालिकाको सम्पत्तिको रुपमा रहनेछ । यदि कोशेली घर राम्रोसँग सञ्चालन भएको अवस्थामा १ वर्षपछि उक्त भौतिक सामाग्रीहरु सम्बन्धित साझेदार कम्पनी/सहकारी/समूह/उद्यमीलाई नि:शुल्क हस्तान्तरण गरिनेछ । पालिकामा भएको बजेटको अवस्थालाई ध्यान दिँदै कोशेली घर स्थापना तथा सञ्चालन समितिको निर्णय अनुसार उक्त कोशेली घरमा काम गर्ने बढीमा दुई जना कर्मचारीको पहिलो ६ महिनासम्म हुन आउने तलबको ५० प्रतिशत रकम अनुदान स्वरुप सहयोग गर्न सकिनेछ ।

(३) आवश्यक पर्ने चालू पूँजी कम्पनी/सहकारी/समूह/उद्यमी आफैँले व्यवस्था गर्नु पर्नेछ ।

(४) कोशेली घरका लागि कोशेली घर सञ्चालन गर्ने कम्पनी/सहकारी/समूह/ उद्यमीले प्रत्येक उद्यमीसँग रु. ५०,०००/- (अक्षरुपी: पचास हजार) सम्मको समान खरिद गर्दा अनिवार्य नगद कारोबार गरेको हुनु पर्नेछ । यदि रु. ५०,०००/- भन्दा बढीको सामान

खरिद भएको अवस्थामा रु. ५०,०००/- भन्दा बढी भएको रकम बाँकी १ महिना भित्र भुक्तानी गर्नु पर्नेछ । उक्त रकम १ महिना भित्र पनि भुक्तानी नभएमा कोशेली घर सञ्चालकले उद्यमीहरुलाई चलन चल्तीको व्याज भुक्तानी गर्नु पर्नेछ ।

(५) कोशेली घरमा नियमित आउने उत्पादनहरुको स्तर सुदृढीकरण गर्न यस पालिकाले बजेटको व्यवस्था गरी उद्योग हेर्ने शाखाबाट कार्यान्वयन गर्न सकिने छ ।

(६) कोशेली घर सञ्चालक र त्यसमा काम गर्ने कर्मचारीको लागि आवश्यकताको आधारमा उद्यमशीलता र बजारीकरण सम्बन्धी तालिमहरुको व्यवस्था गर्न सकिने छ।

(७) गाउँपालिकाको स्रोतबाट कोशेली घर स्थापना गर्दा यो कार्यविधि लागू हुनेछ । तर अन्य कुनै निकाय जस्तै प्रदेश सरकार/मन्त्रालय, संघीय सरकार/मन्त्रालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग साझेदारी गरी कोशेली घर स्थापना गर्नु पर्दा यो कार्यविधि बाधक हुने छैन ।

(८) यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

**१३. कोशेली घर सञ्चालन तथा सहयोग कोष:**

(१) कोशेली घरको एउटा छुट्टै सञ्चालन तथा सहयोगी कोष हुनेछ । यस कोषमा देहाय बमोजिमको रकम रहनेछ:

(क) संघीय वा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार कोशेली घरको लागि विनियोजित रकम ।

(ग) जिल्ला समन्वय समितिबाट प्राप्त रकम ।

(घ) जिल्ला स्थित अन्य स्थानीय तहबाट प्राप्त रकम ।

(ङ) लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरुबाट प्राप्त रकम ।

(च) निजी क्षेत्रका संस्थाबाट सो कोषका लागि उपलब्ध गराएको रकम ।

(छ) जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको पहल तथा निर्णयबाट यस कोषमा प्राप्त हुने रकम ।

१४. **कोशेली घरका लागि फेदीखोला गाउँपालिकाले अनुदान उपलब्ध गराउने आधारहरु:**

(क) लघु उद्यम सञ्चालन भएका सम्भाव्य क्षेत्रहरु (Potential Area) हुनुपर्नेछ ।

(ख) क्षेत्रीय सन्तुलन कायम हुने गरी प्रस्ताव स्वीकृत भएको हुनु पर्नेछ ।

(ग) कम्तीमा ४०% संस्थागत साझेदारी हुनु पर्नेछ ।

(घ) पूँजीगत सहयोगका लागि रकम माग भएको हुनु पर्नेछ ।

(ङ) फेदीखोला गाउँपालिका कार्य क्षेत्रबाट सहभागिता हुनु पर्नेछ ।

(च) मुख्य बजार क्षेत्र हुनु पर्नेछ ।

१५. **कोशेली घरको अनुगमन:** कोशेली घर सञ्चालन कार्यको नियमित तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी दफा ७ बमोजिमको समितिको हुनेछ । कोशेली घर सञ्चालकले नियमित रुपमा उक्त समितिमा प्रगति प्रतिवेदन पेश गर्नेछ भने समितिले उक्त प्रतिवेदन उपर प्रत्यक्ष अनुगमन गरी पृष्ठपोषण दिने, समन्वय र सहयोग समेत गर्नेछ ।

१६. **सञ्चालन समितिका सदस्यहरुको सुविधा:** सञ्चालन समितिमा बस्ने सदस्यहरुले कोशेली घरको आम्दानीबाट केही रकम सुविधाको रुपमा सञ्चालन समितिको निर्णय अनुसार लिन सक्नेछन् । यस किसिमको सुविधा कोशेली घरको मुनाफा रकमबाट मात्र उपलब्ध गराउन सकिनेछ ।

१७. **कारबाही सम्बन्धी व्यवस्था:** कोशेली घर सञ्चालकले कोशेली घर सञ्चालनको लागि विभिन्न संस्थाबाट प्राप्त अनुदान तथा सहयोग रकम दुरुपयोग गरेको प्रमाणित भएमा दफा ७ बमोजिमको समितिले सञ्चालकले गरेको कसुरको आधारमा देहाय बमोजिमको कारबाही गर्नेछ ।

(क) सञ्चालकलाई सचेत गराउने ।

(ख) कोशेली घर सञ्चालनकर्ताको अभिलेखबाट नाम हटाउने ।

(ग) अनुदान रकम रोक्का गर्ने ।

(घ) दुरुपयोग भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्ने ।

## अनुसूची-१
### (दफा ५ सँग सम्बन्धित)
### लघु उद्यम विकासका लागि संस्थाले पेश गर्ने निवेदनको ढाँचा

मिति: ...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
फेदीखोला गाउँपालिका कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

विषय: कोशेली घर सञ्चालन सम्बन्धमा।

महोदय,

हामी लघु उद्यमीहरुबाट फेदीखोला गाउँपालिका वडा नं. .... स्थान .................... मा ..................... कोशेली घर सञ्चालनका लागि अनुदान सहयोग पाउँ भनी कोशेली घर सञ्चालनका लागि लाग्ने अनुमानित बजेट, बिक्री गर्ने सामानको सामान्य विवरण, सहित यो प्रस्ताव पेश गरेका छौं। हामीले यस कार्यक्रम अन्तर्गत पालना गर्नुपर्ने नीति कार्यविधि बारे जानकार छौँ र सोही बमोजिम पालना र कार्यान्वयन गर्न सहमत छौँ। निवेदन बमोजिम देहायका कागजातहरु संलग्न छन्।

**निवेदक:**
संस्थाको नाम:
अध्यक्ष वा प्रतिनिधिको नाम:
दस्तखत:
ठेगाना:
सम्पर्क नं.:
संस्थाको छाप

## अनुसूची-२
## (दफा ४ सँग सम्बन्धित)
## सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने नमूना फाराम

कोशेली घर स्थापना तथा सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन
फेदीखोला गाँउपालिका, स्याङ्जा

१. कार्यकारी सारांश:
२. सम्भाव्यता अध्यन विधिः
३. समस्या कथनः
४. बजारीकरणका लागि स्थानीय उत्पादित वस्तुहरुको प्रकार र अनुमानित परिमाणः
५. स्थानीय उत्पादित वस्तुहरुको हालको स्थानीय र बाह्य बजारीकरण अवस्था:
६. कोशेली घरको माध्यमबाट बजारीकरणको थप अवसरः
७. कोशेली घर स्थापना गर्दा/गरिसके पछि आइपर्न सक्ने अवसर र सम्भाव्य चुनौतिहरुः
८. उत्पादनको गुणस्तर वृद्धि (Value Add) गरी बजारीकरण गर्न सकिने उत्पादनहरुः
९. छिमेकी पालिका/जिल्लाबाट ल्याएर बिक्री गर्न सकिने उत्पादनहरुको विवरणः
१०. स्थानीय उद्यमीहरुलाई बिक्री गर्न सकिने प्रविधि र कच्चा पदार्थको विवरणः
११. कोशेली घरको व्यावसायिक योजना बाट देखिएको मुनाफाको प्रतिशत (उद्यम विकास सहजकर्ताले तयार गर्ने):
१२. कोशेली घर स्थापनाको लागि सम्भाव्य स्थान र बिक्री कक्षको व्यवस्थापन सम्बन्धी सुझाव:
१३. सम्भाव्यता अध्यनको समग्र निश्कर्ष तथा सुझावहरुः

प्रतिवेदन तयार गर्नेको:
नामः
पदः
दस्तखतः
मितिः

## अनुसूची-३
## (दफा ६ सँग सम्बन्धित)
## सार्वजनिक सूचनाको नमूना

प्रथम पटक प्रकाशित मितिः २०८०/ /

**सूचना ! सूचना !! सूचना !!!**

फेदीखोला गाउँपालिका भित्र रहेका उद्यमीबाट उत्पादित वस्तु स्थानीय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा बिक्री वितरण गरी उद्यमीको जीवनस्तरमा सुधार ल्याउनुको साथै उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु स्थानीयतहमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले यसै आ.व मा यस गाउँपालिकको वडा नं. ....... को.............................मा कोशेली घर स्थापना गरी सञ्चालन गर्ने कार्यक्रम भएकाले यस गाउँपालिकाको साझेदारीमा कोशेली घर सञ्चालन गर्न इच्छुक कम्पनी, सहकारी संस्था, समूह र उद्यमीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदनका साथ प्रस्तावना दर्ता गर्नुहुन सुचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालनको आर्थिक तथा व्यवस्थापकीय पक्ष |
|---|---|---|
| १ | कोशेली घर स्थापना तथा सञ्चालन | • कोशेली घर स्थापनाका लागि आवश्यक भौतिक सामाग्रीमा पालिकाले ६० प्रतिशत साझेदारी गर्नेछ ।<br>• उद्यमीहरुका स्थानीय उत्पादनको गुणस्तर वृद्धि गर्न, आवश्यक थप प्रविधि सहयोग गर्न, उत्पादनको बजारीकरण गर्न आवश्यक क्षमता वृद्धि गर्ने काममा पालिकाले सहयोग गर्नेछ ।<br>• कोशेली घर सञ्चालक र त्यसमा काम गर्ने कर्मचारीको लागि उद्यमशिलता र बजारीकरण सम्बन्धी तालिम पालिकाले नि:शुल्क उपलब्ध गराइनेछ ।<br>• निश्चित समय सम्मका लागि कोशेली घरको विज्ञापनको लागि आवश्यक सम्पूर्ण खर्च पालिकाले व्यवस्था गर्नेछ । |

| | | |
|---|---|---|
| | | • व्यवसाय सञ्चालनको लागि आवश्यक चालू पूँजी कम्पनी/सहकारी/समूह/समूह/उद्यमीले आफैँले व्यवस्था गर्नु पर्नेछ । • कोशेली घरमा यस गाउँपालिका र जिल्लाका अन्य पालिकाकाहरुका उत्पादनहरु र उद्यमीलाई चाहिने कच्चा पदार्थका साथै प्रविधिहरु मात्र बिक्री वितरण गर्नु पर्नेछ । • थप व्यवस्थाका लागि कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि बमोजिम स्थापना भएको कोशेली घर स्थापना तथा सञ्चालन समितिको निर्णय अनुसार हुनेछ । |

तपसिलः

१. निवेदन
२. अनुसूची-३ को नमूना अनुसार प्रस्ताव पत्र
३. उद्यमीको हकमा नेपाली नागरिकताको प्रमाणपत्र, सहकारीको हकमा विनियम/ दर्ता प्रमाण पत्र र कम्पनीको हकमा कम्पनीको आफ्नो स्वीकृत विनियम ।
४. उद्यमी, कम्पनी वा सहकारीको आफ्नै घर जग्गामा कोशेली घर स्थापना गरिने भएमा जग्गाको लालपुर्जा र भाडामा सञ्चालन गर्ने भए घर धनीसँग गरेको सम्झौता वा घर धनीले कम्तिमा १० वर्षका लागि घर भाडामा दिन तयार छु भनी गरेको प्रतिबद्धता पत्र

..................................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४
## (दफा ६ सँग सम्बन्धित)
## प्रस्तावना पत्रको ढाँचा
## कोशेली घर स्थापना तथा सञ्चालनका लागि प्रस्तावना

१. प्रस्ताव पेश गर्ने प्रस्तावकको विवरण

कम्पनी/सहकारी/समूह/उद्यमीको पूरा नामः

ठेगानाः फोन नं:

इमेल: प्रदेशः

जिल्लाः पालिकाः

२. कम्पनी/सहकारी/समूह/उद्यमका उद्देश्यहरुः

३. कोसेली घर स्थापना/सञ्चालन गर्नुका उद्देश्यहरुः

४. कोसेली घर स्थापना गर्ने स्थानको पूरा ठेगानाः

५. कोशली घर स्थापना गर्ने कम्पनी/सहकारी/समूह/उद्यमीको आफ्नै घर छ वा भाडामा लिने त्यसको विवरण (आफ्नै घर जग्गा भएमा त्यसको प्रमाण पेश गर्ने)

६. कोशेली घर सञ्चालनका लागि लगानी गर्ने चालु पूँजीको अबस्था र स्रोत : (कति लगानी गर्ने योजना छ र यसको स्रोत स्पष्ट खुलाउने ।

७. कोशेली घर सञ्चालनको व्यबसायिक योजनाको अबस्था बारे छोटो व्याख्याः (व्यावसायिक योजना तयार गरी पेश गर्ने)

८. कम्पनी/सहकारी/समूह/उद्यमीको उद्यम सञ्चालन सम्बन्धी अनुभवः (कति वर्षको अनुभव छ विस्तृत विवरण दिने र अनुभव खुल्ने कागजात यसै प्रस्तावना सँग संलग्न गर्ने।

९. कोशेली घरमा बिक्री वितरण गरिने प्रस्तावित उत्पादन/वस्तुहरुको विवरणः (स्थानीय उत्पादन, बाहय उत्पादन र उद्यमीका लागि बिक्री गरिने कच्चा पदार्थ र प्रविधिहरुको विवरण खुलाउने ।

१०. स्थानीय उत्पादनको बजारीकरणका लागि अपनाइने रणनीतिहरु (तरिका हरु): (बुँदागत रुपमा स्पष्ट पार्ने)

११. कोशेली घर स्थापना तथा सञ्चालनका लागि पालिकासँग अपेक्षा गरिएको सहयोगः) (भौतिक समाग्री, अनुदान रकम, र क्षमता विकास सम्बन्धी सहयोग र यसको अनुमानित बजेट खुलाउने):

१२. यस प्रस्तावना पत्र सँग संम्लग्न गरीएका अन्य कागजातहरुको विवरणः

| क्र.सं. | कागजातको विवरण | छ (चिन्ह लगाउने) | छैन (चिन्ह लगाउने) |
|---|---|---|---|
| १ | कम्पनी/सहकारी/समूह/उद्यमीको आफ्नै घर जग्गामा कोशेली घर सञ्चालन गर्ने भए त्यसको लालपुर्जा र घर सम्पन्नताको प्रणाणपत्र। | | |
| २ | चालु पूजी कति लगानी गर्ने भनी त्यसको स्रोत खुलेको कुनै कागजात | | |
| ३ | कोशेली घर को ब्यावसायिक योजना | | |
| ४ | कम्पनी/सहकारी/समूह/उद्यमीको व्यवसाय वा उद्यम सञ्चालन सम्बन्धी अनुभव खुलेको कागजात | | |
| ५ | कम्पनी/सहकारी/समूह/उद्यमीको दर्ताको अवस्था खुलेको कागजात | | |
| ६ | प्रस्तावना पत्र पेश गर्ने कम्पनी/सहकारी/समूह/उद्यम को विनियम/विधान | | |
| प्रस्ताव पेश गर्ने: | | संस्थाको छाप | |

## अनुसूची ५
## (दफा ६ सँग सम्बन्धित)
## साझेदार संस्था छनौटका आधारहरु
## कोशेली घरको प्रस्ताव पत्र मूल्याङ्कन फारामको नमूना

| क्र.सं. | अध्ययनको आधार | पूर्णाङ्क | उत्तिर्णाङ्क | नम्बर दिने तरीका |
|---|---|---|---|---|
| १ | प्रस्ताव पेश गर्ने कम्पनी/सहकारी /समूह/ उद्यमीको नेतृत्व | १० | ३ | क. महिलाले नेतृत्व गरेको भए १० अंक दिने<br>ख. दलित वा जनजाति पुरुषले गरेको भए ५ अंक दिने<br>ग. यस बाहेक अन्य जुनसुकै लिङ्ग वा जातजातिले नेतृत्व गरेको भए ३ अंक दिने।<br>घ. यस बारे स्पष्ट नखुलेको भए ० अंक दिने। |
| २ | कम्पनी/सहकारी /समूह/उद्यमीले कोशेली घर सञ्चालन गर्ने प्रस्तावित घर जग्गाको स्वामित्व | १० | ३ | क. घर सहितको जग्गा भएमा १० अंक दिने।<br>ख. जग्गा मात्र भएमा ५ अंक दिने<br>ग. भाडामा सञ्चालन गर्ने भएमा ३ अंक दिने।<br>घ. प्रस्तवना पत्रमा यसबारे स्पष्ट नखुलेको भए ० अंक दिने। |
| ३ | कोशेली घर सञ्चालन गर्ने | ५ | ३ | क. १० लाख भन्दा बढी चालु पूँजी लगानी गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | कम्पनी/सहकारी /समूह/उद्यमीले चालू पूँजीको रुपमा लगानी गर्ने रकमको योजना। प्रस्तावनामा उल्लेखित रकम र स्रोत अनुसार। | | | योजना भएमा ५ अंक दिने<br>ख. ५ लाख भन्दा बढी चालु पूँजी लगानी गर्ने भए ४ अंक दिने।<br>ग. ५ लाख वा सो भन्दा कम लागानी गर्ने भए ३ अंक दिने<br>घ. कति चालु पूँजी लगानी गर्ने भन्ने नखुलेको अवस्थामा ० अंक दिने। |
| ४ | कोशेली घरको व्यवसायिक योजना | १० | ५ | क. व्यावसायिक योजनाले कोशेली घर फाइदाजनक देखाएको अवस्थामा र प्रस्तवाना चित्तबुझ्दो (Convincing) भएमा त्यसै अनुसार ६ देखि १० अंक सम्म दिने।<br>ख. व्यावसायिक योजना तयार भएको तर चित्त बुझ्दो (Convincing) छैन भन्ने लागेमा ५ अंक मात्र दिने।<br>ग. व्यावसायिक योजना पेश नगरेको भए ० अंक दिने। |
| ५ | कम्पनी/सहकारी /उद्यमीको दर्ताको अबस्था | ५ | १ | क. दर्ता भएको जति वर्ष पूरा भएको छ त्यिति अंक दिने बढीमा ५ अंक। |

| | | | | |
|---|---|---|---|---|
| | खुलेको कागजात | | | ख. भरखरै दर्ता भएको तर १ वर्ष नपुगेको<br>ग. भएमा पनि १ वर्ष पुगे सरह १ अंक दिने।<br>घ. (दर्ता नभएको भए कोशेली घर सञ्चालनका लागि साझेदारी गर्न नमिल्ने हुँदा थप प्रकृया अगाडि नबढाइने।) |
| ६ | प्रस्तावना पेश गर्ने कम्पनी/ सहकारी/समूह/ उद्यमको विनियम/विधान | १० | १० | क. विनियम वा विधान पेश गरेको भए १० अंक दिने<br>ख. व्यक्तिगत उद्यम वा उद्योग दर्ता भएको भए त्यसको प्रमाण पेश गरेको अवस्थामा विनियम वा विधान पेश गरे सरह १० अंक दिने<br>ग. अन्यथा ० अंक दिने |
| | जम्मा | ५० | २५ | |

निष्कर्ष :

माथिको मूल्याङ्कनमा कम्तिमा २५ अंक प्राप्त भएमा साझेदारिका लागि योग्यता पुगेको ठहरिने छ।

## अनुसूची -६
## (दफा ६ सँग सम्बन्धित)
## सम्झौताको नमूना
## कोशेली घर स्थापना तथा सञ्चालन सम्बन्धी भएको दुई पक्षीय सम्झौता

फेदीखोला गाउँपालिका र कोशेली घर सञ्चालक कम्पनी/सहकारी/समूह/उद्यमी बीच यसै पालिकाको वडा नं. ....... को .................... मा स्थानीय उत्पादित वस्तुको बजारीकरण गरी उद्यमीको जीवनस्तरमा सुधार ल्याउन र उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन औजारहरु स्थानीय स्तरमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले कोशेली घर स्थापना गरी दिगो व्यवस्थापन गर्ने सन्दर्भमा दुबै पक्षले तपसिल बमोजिका शर्तहरु पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ।

(क) तोकिएको स्थानमा कोशेली घर स्थापनाको अनुसूचीमा उल्लेख गरे बमोजिमको भौतिक सामाग्रीको रु. ................ (६० प्रतिशत) साझेदारी उपलब्ध गराउने छ। उक्त सम्पूर्ण भौतिक सामाग्रीहरु यो सम्झौता भएको मितिले ३६५ दिन सम्म यसै कार्यालयको सम्पत्ति हुनेछ। यी भौतिक सामाग्रीहरु कोशेली घर राम्रोसँग सञ्चालन भएको अवस्थामा ३६५ दिनपछि सम्बन्धित कम्पनी/सहकारी/समूह/उद्यमीलाई नै हस्तान्तरण गरिने छ।

(ख) आवश्यकता अनुसार उद्यमीहरुलाई उत्पादित वस्तुहरुको गुणस्तर वृद्धि गर्ने कार्य जस्तै ग्रेडिङ्ग, प्याकेजिङ, लेबलिङ र आवश्यक थप प्रविधि उपलब्ध गराउन यस पालिकाले सहयोग गर्न सक्ने छ।

(ग) कोशेली घर सञ्चालक र त्यस कोशेली घरका कर्मचारीहरुलाई उद्यमशीलता विकास तालिम उपलब्ध गराइने छ।

(घ) आगामी आ.व.हरुमा पनि आवश्यकता अनुसार कोशेली घरको स्तर उन्नतिका लागि बजेट विनियोजन गर्न सकिने छ।

(ङ) कोशेली घर सञ्चालनका लागि आवश्यक सम्पूर्ण चालु पूँजी सञ्चालक आफैले व्यवस्था गर्नु पर्नेछ।

(च) कोशेली घर सञ्चालकले उद्यमीसँग उत्पादनहरु खरिद गर्नुपर्दा रु. ५०,०००/- (अक्षरुपी: पचास हजार) सम्म नगद कारोबार गरेको हुनु पर्नेछ। यदि एउटै उद्यमीसँग पचास हजार भन्दा बढीको समान किन्नु पर्दा पचास हजार भन्दा बढी हुन आउने रकमलाई उधारो गर्न सकिने छ। उधारो खरिद गरी १ महिना सम्म भुक्तानी हुन नसकेमा कोशेली घर सञ्चालकले उद्यमीलाई चलन चल्तीको दरमा ब्याज तिर्नु पर्नेछ।

(छ) उद्यमी घर सञ्चालकले आम्दानी खर्च झल्कने त्रैमासिक प्रतिवेदन पालिकाको उद्यम हेर्ने शाखामा पेश गर्नु पर्नेछ ।

(ज) कोशेली घर सञ्चालकले नियमित सामाग्री आपुर्ति गर्ने उद्यमीसँग लिखित सम्झौता गरेको हुनु पर्नेछ ।

(झ) कोशेली घर सञ्चालकले स्थानीय उत्पादित वस्तु बिक्री वितरण र उद्यमीलाई बिक्री गरिने कच्चा पदार्थ वा उपकरणमा २० प्रतिशत सम्म मुनाफा राखी कारोबार गर्न सकिने छ ।

(ञ) कोशेली घर सञ्चालन सम्बन्धी कुनै विषयमा छलफल गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृत वा उद्यम हेर्ने शाखा प्रमुखसँग सम्पर्क गर्नु पर्नेछ ।

(ट) कोशेली घर सार्वजनिक बिदा बाहेक विहान ७ बजे देखि बेलुका ७ बजे सम्म खुला राखु पर्नेछ ।

हामी दुवै पक्ष माथिका सबै बुँदामा सहमत भई हस्ताक्षर गरिएको छ ।

| **कोशेली घर संचालकको तर्फबाट** | **गाउँपालिकाको तर्फबाट** |
|---|---|
| अध्यक्ष नाम,थर: | प्रमुख प्रशासकीय अधिकृत नाम,थर: |
| मितिः | मितिः |
| दस्तखत: | दस्तखत: |

**साक्षीहरु**

नामः-

पदः-

दस्तखतः

मिति:-

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**